मितिः२०७८।०५।२९

गाउँ कार्यपालिकाको बैठक

बैठक क्रसं ३

आज मिति २०७८।५।२९ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवं गाउँ कार्यपालिकाका अध्यक्ष श्री खगेन्द्रप्रसाद तिवारीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र प्रसाद तिवारी | अध्यक्ष पैंयू गाउँपालिका पैंयू | अध्यक्ष | |
| २ | श्री जसमति गुरुङ्ग | उपाध्यक्ष पैंयू गाउँपालिका पैंयू | सदस्य | |
| ३ | श्री पिताम्वर भुषाल | वडा अध्यक्ष १ नं. वडा कार्यालय | सदस्य | |
| ४ | श्री भिमसेन गुरुङ्ग | वडा अध्यक्ष २ नं. वडा कार्यालय | सदस्य | |
| ५ | श्री विष्णुप्रसाद काफ्ले | वडा अध्यक्ष ३ नं. वडा कार्यालय | सदस्य | |
| ६ | श्री महेन्द्रकुमार श्रेष्ठ | वडा अध्यक्ष ४ नं. वडा कार्यालय | सदस्य | |
| ७ | श्री उमाकान्त भुर्तेल | वडा अध्यक्ष ५ नं. वडा कार्यालय | सदस्य | |
| ८ | श्री थानेश्वर तिवारी | वडा अध्यक्ष ६ नं. वडा कार्यालय | सदस्य | |
| ९ | श्री हर्क बहादुर हमाल | का.वा. वडा अध्यक्ष ७ नं. वडा कार्यालय | सदस्य | |
| १० | श्री कोपिला थापा | सदस्य (महिला) ३ नं. वडा कार्यालय | सदस्य | |
| ११ | श्री जसमाया गुरुङ्ग | सदस्य (महिला) ७ नं. वडा कार्यालय | सदस्य | |
| १२ | श्री रमा न्यौपाने | सदस्य (महिला) ६ नं. वडा कार्यालय | सदस्य | — |
| १३ | श्री रुका न्यौपाने | सदस्य (महिला) १ नं. वडा कार्यालय | सदस्य | — |
| १४ | श्री खैसरा घर्ती | सदस्य अल्प संख्यक २ नं. वडा कार्यालय | सदस्य | |
| १५ | श्री सुनिता बि.क. सुनार | सदस्य (दलित) ३ नं. वडा कार्यालय | सदस्य | |
| १६ | श्री केशव लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | स.सचिव | |
| १७ | श्री सरोज पराजुली | लेखा शाखा प्रमुख | अन्य उपस्थिति | |
| १८ | श्री रबिन्द्र गौतम | सूचना प्रविधि अधिकृत | अन्य उपस्थिति | |

पैंयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णयहरु

१. तपसिल बमोजिमको कार्ययोजना सहित ७ बटै वडाका ग्रामिण सडक सरसफाइ गर्ने

क. बाटो सरसफाइको कार्य उपभोक्ता समितिबाट गराउने ।

ख. खर्च ब्यवस्थापन सम्वन्धित वडा कार्यालयको लागि बिनियोजन भएको सम्वन्धित खर्च शीर्षकबाट गर्ने ।साथै वडा नं. ३ को बाटो सरसफाईको र वडा नं. २ को लागि क्रमशः रु. ३ (तीन) र रु. १ (एक) विपद ब्यवस्थापन खर्च शीर्षकबाट लेख्ने गरी थप गर्ने

ग. सम्वन्धित वडाले नियमानुसार उपभोक्ता समिति गठन गरी सिफारिस गर्ने ।

घ. गाउँपालिकाको प्राविधिकले सम्वन्धित वडा अध्यक्ष, उपभोक्ता समिति संगको समन्वयमा बिनियोजित बजेटको सीमा भित्र रहि औचित्यका आधारमा लागत इस्टिमेट तयार गर्ने ।

ङ. उपभोक्ता समिति र गाउँकार्यपालिकाको कार्यालयबीच नियमानुसार संझौता भइ कार्यदिश पश्चात मात्र उपभोक्ता समितिले ग्रामिण सडक सरसफाईको कार्य गर्ने ।

च. उपभोक्ता समितिको कार्यमा पालिकामा रहेका प्राविधिक र सम्वन्धित वडाको अध्यक्षले प्रत्यक्ष निगरानी गर्ने ।

छ. वडा स्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन सहित उपभोक्ता समितिको कार्यसम्पादनका आधारमा नियमानुसार भुक्तानी गर्ने।

२. तपसिल बमोजिमका आकस्मिक पहिरोहरु लागत इस्टिमेट गरी कार्यसम्पादनमूल्याङ्कनका आधारमा विपद ब्यवस्थापन शीर्षकबाट खर्च लेख्ने गरी सरसफाइ गर्ने

क. वडा नं. १ जिमिरे गैह्रा पहिरो

ख. वडा नं. २ लप्सीगैह्रा पहिरो

ग. वडा नं. ४ को किक्रिक पहिरो

घ. वडा नं. ५ को धरादी पहिरो

ङ. वडा नं. ६ र ७ जोड्ने (हाडी खर्क) नाका जोड्ने बाटो

३. चालु आर्थिक वर्ष २०७८।७९ को लागि वडा नं. ४ को लागि एकमुष्ट बिनियोजित बजेट रु ३० लाख वडा समितिबाट पेश भए बमोजिमको, कार्यक्रमहरु गाउँसभाबाट अनुमोदनहुने गरी कार्यान्वयन गर्ने ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

४. गत आ.ब.मा गाउँकार्यपालिकाको निर्णायानुसार भएको रुख कटान कार्यक्रममा भएको भुक्तानीहुन बाँकी रकम कार्यसम्पादन मुल्याँङ्कन अनुसार विपद ब्यवस्थापन खर्च शीर्षकबाट खर्च लेखी भुक्तानी गर्ने ।

५. उपाध्यक्षसंग गर्भवति तथा सुत्केरी सन्चोविसन्चो कार्यक्रम सञ्चालन कार्यविधि २०७८ पारित गर्ने ।

<u>गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणिकरण</u>

निर्णय मितिः २०७८।५।२९ गते

प्रमाणिकरण मितिः २०७८।५।२९ गते

हस्तक्षारः.......................

नामः केशव लामिछाने

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयको छाप

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३